# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके
## लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०७९/०८०
च.नं. :

मितिः २०७९/०५/१९

**नगरपालिकामा निर्माण कार्यमा संलग्न निर्माण ब्यवसायीहरुलाई अत्यन्त जरुरी सूचना।**

प्रस्तुत बिषयमा यस कोहलपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट बिभिन्न आर्थिक बर्षमा निर्माण कार्यको सम्झौता गरि काम गर्ने क्रममा निर्माण ब्यवसायीले योजनाको कार्यतालिका बमोजिम काम नभएको, पटक पटक म्याद थप पश्चात पनि कार्य सम्पन्न हुन नसकेका र आ.ब.२०७८/०७९ का असार मसान्त भित्र कार्यसम्पन्न गर्नुपर्नेमा सम्पन्न नभएका योजनाहरुको तपशिल बमोजिम हुने ब्यहोरा जानकारी गराईन्छ।

१. म्याद भएका तर कार्यतालिका बमोजिम काम नभएकाले तत्काल संशोधित कार्यतालिका पेश गरि म्याद भित्रै कार्यसम्पन्न गर्ने ।

२.२०७८/०७९ र अघिल्ला आ.ब.का योजनाहरु नगरसभाको निर्णय बमोजिम क्रमागतमा भई एक पटक म्याद थप भएकाको हकमा समय अवधी भित्रै कार्यसम्पन्न गर्ने।

३. कोहलपुर नगरकार्यपालिकाको मिति २०७९/०५/१० गते को निर्णय न.१० क बमोजिम योजनाको कम्तीमा ६० प्रतिशत कार्य सम्पन्न गरिसकेकाको हकमा म्याद समाप्त भएको मितिले ३(तीन) महिना भित्र कार्य सम्पन्न गरी भुक्तानी माग गरेमा नियमानुसार लाग्ने हर्जना(Liquidity Damage) जरिवाना लिई अनुगमन एवं मुल्यांकन गरी कार्यसम्पन्न गर्ने। तीन महिनाको अवधि सम्म पनि कार्य सम्पन्न नगर्ने निर्माण ब्यवशायीहरुलाई साबिकको नगरकार्यपालिकाको मिति २०७९/०४/११ गते को निर्णय न.२ ख बमोजिम हुने।

४. कोहलपुर नगरकार्यपालिकाको मिति २०७९/०५/१० गते को निर्णय न.१० क बमोजिम, ६० प्रतिशत पनि कार्य सम्पन्न नगरेकाको निर्माण ब्यवशायीहरुलाई साबिकको नगरकार्यपालिकाको मिति २०७९/०४/११ गते को निर्णय न.२ ख बमोजिम हुने।

०७९/५/१९

.........................

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत